# कृषि तथा खाद्य सुरक्षा

- यस क्षेत्रमा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट विद्यमान जोखिम पहिचान (नक्शांकन) भएको छ कि छैन ?

- जोखिम पहिचान भएको छ भने जोखिमका कारक तत्वको न्यनिकरणका लागि के कस्ता नीति तथा कार्यहरु सम्पादन गरिएका छन् ? नगरिएका भए जोखिम न्यूनिकरणका प्रमुख आवश्यकताहरु के के हुन् ?

- यस क्षेत्रमा प्राकृतिक प्रकोपजन्य दुष्प्रभावको न्यूनिकरणका लागि आवश्यक जनशक्ति वा सिप, ज्ञान उपलब्ध छ/छैन, के आवश्यक छ ?

- कृषि तथा खाद्य सुरक्षाको लागि राष्ट्रिय/जिल्ला तहमा आपत्कालिन योजना गरिन्छ/गरिंदैन ?

- बर्षेनि हुने बाढी, पहिरो, खडेरी आदि प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा हुने प्रभावका लागि के कस्ता पूर्ब तयारी अवलम्बन गरिएको छ ? नभए के गर्नु पर्ला ?

- अन्य केही सुझाव भए दिनुहोस् ।

# स्वास्थ्य तथा पोषण

- नेपालमा प्राय: भैरहने भूकम्प, बाढी आदि प्राकृतिक प्रकोपबाट स्वास्थ्य तथा पोषणको क्षेत्रमा पर्नसक्ने संभावित अवसरको बारेमा लेखाजोखा भएको छ कि छैन ?

- भए न्यूनिकरणको लागि के कस्ता प्रयास भएका छन् ?

- प्राकृतिक प्रकोपको बेलामा स्वास्थ्य सेवालाई अटुट रुपमा प्रदान गर्न के कस्ता योजना/नीति छन् ? नभए के कस्तो योजना आवश्यक पर्छ ?

- प्राकृतिक प्रकोप न्यूनिकरण तथा ठूलो हताहत ब्यवस्थापनको लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन/तालिम आदिबारे ब्यवस्था छ ? हालको प्रयासले आवश्यकतालाई कतिसम्म पूर्ति गर्छ ?

- स्वास्थ्य संस्थाहरुमा प्राकृतिक प्रकोपलाई ध्यानमा राखि के कस्ता पूर्व तयारीको ब्यवस्था गरिएको छ ?

- प्राकृतिक प्रकोप पश्चात जनतालाई दिनुपर्ने आपतकालिन सेवालाई चाहिने औषधि तथा अन्य उपकरण/फिल्ड अस्पताल/टोलि जस्ता साधन सम्वन्धी के कस्ता आपत्कालिन योजना छन् ?

- अन्य कुनै सुझाव भए दिनुहोस् ।

# शिक्षा

- प्राकृतिक प्रकोप व्यवस्थापनका प्रत्येक चरणमा सीप, दक्षता तथा ज्ञानको आवश्यकता पर्ने हुंदा विद्यमान, प्राथमिक, माध्यमिक तथा उच्च विद्यालयस्तरका पाठ्यक्रममा यस विषयलाई समावेश गर्नु पर्छ/पर्दैन ? पर्छ भने त्यसको के माध्यम हुन सक्छ ? त्यसका लागि आवश्यक नीति रणनीति के हुन सक्छ ?

- प्राकृतिक प्रकोप न्यूनिकरण तथा पूर्व-तयारिमा अनौपचारीक शिक्षा एवं दक्षता विकास शिक्षाको रुप/माध्यम के कस्तो हुनु पर्छ ?

- शिक्षण संस्थाहरुका भौतिक पूर्वाधारहरु प्राकृतिक प्रकोपको प्रभाव थेग्न सक्ने छन्/छैनन् ? थेग्न सक्ने बनाउन सकिन्छ/सकिन्न ? पर्छ /पर्दैन ? पर्छ भने कस्तो नीति/कार्यक्रम आवश्यक पर्ने देख्नु हुन्छ ?

- अन्य कुनै सुझाव भए दिनुहोस् ।

# आवास, भौतिक योजना तथा अन्य पूर्वाधार

- मूलुक भूकम्प, बाढि तथा पैह्रोको दृष्टिकोणबाट उच्च जोखिम स्तरमा रहेको हुंदा आपत्कालिन बसोवास तथा अन्य पूर्वाधार निर्माण सम्बन्धमा के कस्ता दृष्टिकोण/नीति/योजना अवलम्वन गरिएको छन्  ?

- भवन, आवास तथा अन्य पूर्वाधारहरुको  राष्ट्रिय स्तरमा जोखिम पहिचान भएको छ/छैन ? गर्नुपर्छ/पर्दैन ? यसका लागि प्राथमिकताका रुपमा के कस्ता काम गरिहाल्नु पर्छ ? के कस्तो नीतिगत व्यवस्था चाहिन्छ ?

- जोखिम न्यूनिकरणका लागि राष्ट्रिय भवन निर्माण संहिताको  राष्ट्रिय स्तरमा सफल कार्यान्वयनका लागि के कस्ता प्रयास भएका छन् ? गर्नुपर्ने थप नीतिगत व्यवस्था कस्तो हुनुपर्छ ?

- भवन बाहेक अन्य पूर्वाधारको लागि निर्माण संहिताको आवश्यकता कस्तो छ ? यसतर्फ के कस्तो नीतिगत व्यवस्थाको आवश्यकता छ ?

- निर्माण पद्धति तथा निर्माण सामाग्रिको गुणस्तरियता सुनिश्चित गर्नको लागि के कस्ता प्रयासको आवश्यकता देखिन्छ ?

- अन्य कुनै सुझाव भए दिनुहोला ।

# जिविकोपार्जन

- प्राकृतिक विपदबाट प्रभावित जनसंख्यालाई पुऱ्याउनु पर्ने सहयोगमा वृत्ति विकास तथा जिविकोपार्जनलाई यथेष्ट ध्यान दिनुपर्ने देखिन्छ । यस्ता प्रकोपबाट प्रभावित एवं विस्थापित हुन सक्ने जनसंख्यालाई वृत्ति तथा ईलम विकास एवं जिविकोपार्जनमा सहयोग हुनसक्ने के कस्ता कार्यक्रम/योजना अवलम्वन गर्नुपर्ने छ ? त्यसका लागि आवश्यक पर्ने नीति कस्तो हुनुपर्छ ?

- जोखिम युक्त क्षेत्रमा विशेषगरि महिला/दलित/जनजातिलाई के कस्ता सीप विकासका लागी कस्ता तालिम संचालन भएका छन् ? थप के गर्नु पर्ने देखिन्छ ? यसका लागि कस्तो रणनीतिको आवश्यकता पर्दछ ?

- अन्य कुनै सुझाव भए दिनुहोला ।

# खानेपानी तथा सरसफाई

- शहरी एवं ग्रामिण खानेपानी तथा ढल निकास तथा सरसफाईका संयन्त्रहरुको प्राकृतिक प्रकोपबाट हुनसक्ने जोखिमको पहिचान एवं निरुपण गर्ने पद्धति छ/छैन? नभए यस सम्बन्धी के कस्ता रणनितिको आवश्यकता छ ?

- यस्ता पूर्वाधारको नयाँ निर्माण तथा विद्यमान संरचनाको जोखिम न्यूनिकरण तर्फ के कस्ता रणनीतिक प्रयास आवश्यक छ ?

- प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्रमा खानेपानी एवं सरसफाई सम्बन्धी सेवा प्राथमिक महत्वको हुन्छ । आपत्कालिन समयमा यस्तो सेवा उपलब्ध गराउनको लागि आवश्यक योजना/सक्षमता विद्यमान छ/छैन? नभएको भए के कस्तो रणनीतिक प्रयास हुनु पर्छ ?

- प्रकोप जोखिम पहिचान न्यूनिकरण तथा पूर्वतयारीका लागि आवश्यक संस्थागत क्षमता एवं दक्ष जनशक्ति तयार पार्न के कस्तो रणनीतिक प्रयास आवश्यक देख्नु हुन्छ ?

- अन्य कुनै सुझाव भए दिनुहोला ।

## सञ्चार, समन्वय तथा बन्दोवस्ती

- प्राकृतिक उत्पातद्वारा प्रभावित क्षेत्रमा सूचना सञ्चार प्रणालिको अविच्छिन्ता आवश्यक पर्दछ । विद्यमान प्रणालिको जोखिम पहिचान गरिएको छ/छैन ? पर्छ/पर्दैन ? यस सम्बन्धमा के कस्तो रणनीतिक प्रयास आवश्यक छ ?

- परम्परागत सञ्चार प्रणालि अवरुद्ध भएको खण्डमा वैकल्पिक आपत्कालिन संचार प्रणालिको आवश्यकता पर्दछ । त्यस्ता प्रणालि मुलकभर छन्/छैनन् ? नभएमा के कस्तो रणनीतिको प्रयास आवश्यक छ ?

- संचार प्रणालिको अविच्छिनताका लागि के कस्तो संस्थागत दक्षता एवं दक्ष जनशक्तिको आवश्यकता पर्दछ ? यसका लागि के कस्ता रणनीतिक प्रयास आवश्यक छ ?

- प्राकृतिक प्रकोप व्यवस्थापनको सम्पूर्ण चरणहरुमा सूचना व्यवस्थापनमा भौगोलिक सुचना प्रणालि (GIS)/ दूर संवेदन (Remote Sensing) प्रणालि आदिको उपयोग अत्यावश्यक देखिन्छ । राष्ट्रिय स्तरमा सूचना संकलन/विश्लेषण तथा सम्प्रेषणको लागि संस्थागत दक्षता अभिवृद्धिको लागि के कस्ता रणनितिक प्रयास आवश्यक छ ?

- प्राकृतिक प्रकोपजन्य आपतकालिन अवस्थामा क्षतिको आंकलन तथा उद्धार एवं राहत बारेको सूचना विभिन्न संस्था तथा श्रोतबाट आउने हुँदा त्यस्ता सूचना तथा राहत प्रयासको समन्वय अत्यावश्यक हुन्छ । यसका लागि के कस्ता संस्थागत दक्षता विद्यमान छ ? थप रणनीतिक प्रयास कस्तो हुनु पर्दछ ?

- प्राकृतिक प्रकोप जोखिमयूक्त क्षेत्रमा तथा प्रभावित इलाकामा राहत एंव उद्धारको लागि बन्दोवस्तिका सामानको प्रबन्धन गर्ने विशेष प्रणालि आवश्यक पर्दछ । यस सम्बन्धमा विद्यमान संस्थागत दक्षता कस्तो छ ? थप कस्तो रणनीतिक प्रयास आवश्यक छ ?

- अन्य कुनै सुझाव भए दिनु होला ।

# राहत उद्धार तथा प्रारम्भिक पुनर्स्थापन

- राहत तथा उद्धारका लागि विद्यमान राष्ट्रिय प्रणाली साना/मध्यम तथा ठूला विपदका लागि यथेष्ठ छ /छैन ? विषेशगरि राष्ट्रिय स्तरको प्राकृतिक घटना व्यवस्थापनका लागि विद्यमान प्रणालिमा के कस्तो रणनितिक परिवर्तन आवश्यक पर्दछ ?

- प्राकृतिक विपदद्धारा प्रभावित क्षेत्रमा तात्कालिक राहत उद्धार एवं पुनर्स्थापन का लागि क्षति (Damage) तथा सहयोगको आवश्यकता (Need) को समुचित मूल्याङ्कन एवं पहिचानको आधारमा मात्र उचित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयास समन्वयात्मक ढङ्गबाट व्यवस्थित रुपमा गर्न सकिन्छ । यस्तो क्षति (Damage) तथा Need Assessment को प्रणाली एवं दक्षता छ/छैन? यसको सम्वर्द्धनको लागि के कस्ता रणनितिक प्रयासको आवश्यकता पर्दछ ?

- विभिन्न प्राकृतिक विपदको अवस्थामा आवश्यक पर्ने उद्धारकर्मी यथेष्ठ मात्रामा छन्/छैनन् ? विद्यमान उद्धारकर्मीहरुको क्षमता यथेष्ठ छ/छैन ? उद्धारकर्मीको विशेषज्ञता/संख्या/दक्षताका साथै उद्धार प्रणाली क्षमता अभिवृद्धिका लागि के कस्तो रणनितिक प्रयासको आवश्यकता छ ?

- मुलुकको प्राकृतिक जोखिमको स्तर अनुरुपको राहत सामग्रीको पूर्व व्यवस्था प्रणाली विद्यमान छ /छैन? यस्ता सामाग्रिको पूर्व-व्यवस्था पद्धतिलाई आवश्यक रुपमा विकशित गर्न के कस्तो रणनितिक प्रयासको आवश्यकता देखिन्छ?

- राहत तथा उद्धार कार्यमा अन्तर्राष्ट्रिय सहयोगको समुचित समन्वयका लागि के कस्तो प्रणली छ ? त्यसको सम्वर्द्धनको लागि के कस्तो रणनितिक प्रयासको आवश्यकता छ ?

- अन्य कुनै सुझाव भए दिनु होला ।